सर्वोच्च अदालत, पूर्ण इजलास

माननीय न्यायाधीश श्री कुमार रेग्मी

माननीय न्यायाधीश डा. श्री मनोजकुमार शर्मा

माननीय न्यायाधीश श्री नहकुल सुवेदी

फैसला

०७९-WF-००१२

विषय: बन्दीप्रत्यक्षीकरण ।

नुवाकोट जिल्ला साविक चाउथे गा.वि.स. वडा नं. ९ को परिवर्तित ककनी गा.पा.वडा नं. ५ घर भई हाल कारागार कार्यालय जगन्नाथदेवलमा थुनामा रहेका अमर श्रेष्ठ.........................................................................................१ — निवेदक

विरुद्ध

उच्च अदालत पाटन....................................................................१

काठमाडौं जिल्ला अदालत ..........................................................१

ललितपुर जिल्ला महालक्ष्मी न.पा.वडा नं. ३ इमाडोल बस्ने राजेन्द्र कुमार के.सी को जाहेरीले नेपाल सरकार................................................................१ — विपक्षी

यस अदालतमा आदेश गर्ने:- सम्माननीय का.मु. प्रधान न्यायाधीश श्री हरिकृष्ण कार्की

माननीय न्यायाधीश श्री प्रकाश कुमार ढुंगाना

आदेश मिति: २०८०।१।११

नेपालको संविधानको धारा १३३(२)(३) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनमा यस अदालतको संयुक्त इजलासमा रायबाझी फैसला भई सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२)(क) बमोजिम पूर्ण इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार रहेको छ:-

## तथ्य-खण्ड

१. विपक्षी मध्येका राजेन्द्र कुमार के.सी. चिनजानको साथीभाई भएको र म निवेदक काठमाडौंमा नै बसोबास गर्ने भएकाले व्यवसायीक शिलशिलामा विपक्षीसँग केही रकम सापटी लिएको साँवा ब्याज समेत हिसाब गरी निजलाई रु. ९,५०,०००।-(नौ लाख पचास हजार रुपैयाँ) बुझाउनुपर्ने भएकाले तत्काल म सँग रुपैयाँ नभएकाले विपक्षीले विस्तारै किस्तामा रकम बुझाउँदै जाने गरी ग्यारेन्टीका लागि चेक लेखि दिनु भनेकाले (रकम भुक्तानी भएपछि फिर्ता पाउने गरी) मेरो नाममा एनआइसी एशिया बैंकको खाता नं.१८८७६५०६०१५२४००१ को विभिन्न मितिको रु.२,००,०००।- उल्लेख भएको ४ थान चेक र रु.१,५०,०००।- उल्लेख भएको १ थान चेक गरी ५ थान चेक ग्यारेन्टी वापत दिएको थिएँ । अन्य ब्यवहार मिलाउन बाँकी रहेको अवस्थामा नै बैंकिंग कसुरमा कारबाही गरी पाउँ भनी जाहेरी दिई मलाई फरार सूचिमा राखी अभियोग पेश भई उच्च अदालत पाटनबाट बैंकिंग कसुर तथा सजाय ऐन, २०६४ को दफा १५(१) बमोजिम रु. ९,५०,०००।- जरिवाना र ९ दिन कैद सजाय भई मिति २०७९।०९।२९ मा फैसला भएको व्यहोरा मलाई प्रहरीले मिति २०७९।११।१२ गतेका दिन पक्राउ गरी विपक्षी काठमाडौं जिल्ला अदालतमा पेश गरी अदालतकै कैदी पुर्जीका आधारमा कारागार कार्यालय जगन्नाथदेवल लगेपछि मात्र जानकारी हुन आयो ।

मेरा विरुद्ध विपक्षी राजेन्द्र कुमार श्रेष्ठले दिएको जाहेरी दरखास्तमा मेरो स्थायी ठेगाना नुवाकोट जिल्ला चाउथे गा.वि.स.वडा नं. ९ को परिवर्तित ककनी वडा नं. ५ र अस्थायी बसोबास गरिरहेको ठेगाना का.जि.का.म.न.पा.वडा नं.१६ सोह्रखुट्टे र मेरो मोबाइल नं. समेत उल्लेख गरी जाहेरी दर्ता भएको र सोही वतन देखाई मेरो स्थायी ठेगानामा म्याद तामेल हुन नसकी अस्थायी वतनमा जारी भएको सो म्याद समेत मिति ०७९।०१।१६ मा वेपत्ते तामेल भएको म्याद मिति २०७९।०२।०४ गते बदर गरी गोरखापत्रमा मिति २०७९।०२।१६ गते प्रथम पटक र मिति २०७९।०४।०२ गते दोश्रो पटक मेरो नामको म्याद प्रकाशन भई आएको र सोही म्याद प्रकाशनलाई तामेली आधार बनाई म निवेदक प्रतिवादीले म्याद गुजारी बसेको भन्ने ठहर गरी फैसला भएको छ ।

विपक्षीहरुबाट भएको काम कारबाही फैसलाले म निवेदकको स्वच्छ सुनुवाई सम्बन्धी मौलिक हक र सुनुवाईको मौका पाउनुपर्ने मेरो संवैधानिक तथा कानुनी हक कुण्ठित हुन गएकाले विपक्षीहरुका गैरकानूनी काम कारबाही र फैसला समेतलाई बदर वातिल गराउन अन्य बैकल्पिक उपचारको बाटो नभएकोले सर्वोच्च अदालत नियमावली २०७४ को नियम ३३,३४ संविधानको धारा ४६ तथा १३३ बमोजिम प्रस्तुत रिट निवेदन लिई आएको छु। बन्दी प्रत्यक्षीकरणको आदेश जारी गरी गैर कानुनी थुनाबाट मुक्त गरी जो चाहिने उपयूक्त आदेश जारी गरी उच्च अदालत पाटनबाट जारी भएको वेपत्ते तामेली म्याद एवं सोको आधारमा गोरखापत्र दैनिक पत्रिकामा प्रकाशित म्याद समेतका आधारमा भएको फैसला र सो सँग सम्बन्धित सम्पूर्ण काम कारबाही बदर गरी निवेदकलाई सुनुवाईको मौका दिई पुनः कारबाही गर्नु गराउनु भनी उच्च अदालत पाटनका नाउँमा उपयुक्त आज्ञा आदेश जारी गरी पाउँ भन्ने समेत बेहोराको निवेदनपत्र।

२. यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो? आदेश ज़ारी हुनु नपर्ने क़ानूनबमोजिमको आधार कारण भए सो समेत साथै राखी यो आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक ७ (सात) दिनभित्र प्रमाण कागजसहित विपक्षी नं. १ र २ ले महान्यायाधिवक्ताको कार्यालय मार्फत विपक्षी नं. ३ ले आफै वा कानून बमोजिमको प्रतिनिधिमार्फत लिखितजवाफ पेश गर्नू भनी यो आदेश र रिट निवेदनको एक एक प्रति प्रतिलिपि साथै राखी विपक्षीहरुको नाममा सूचना म्याद जारी गरी लिखितजवाफ प्राप्त भए वा अवधी नाघेपछि नियमानुसार पेश गर्नू भन्ने यस अदालतबाट भएको आदेश।

३. प्रतिवादी अमर श्रेष्ठको नाउँमा जारी भएको समाह्वान म्याद स्थायी वतनमा मिति २०७८।१०।५ मा र अस्थायी बतनमा मिति २०७९।०१।१६ मा बेपत्ते तामेल भएकोमा मिति २०७९।०२।१६ र मिति २०७९।०४।०२ मा गरी २ (दुई) पटक राष्ट्रियस्तरको पत्रिकामा प्रकाशित हुँदा समेत म्यादभित्र प्रतिवादी यस अदालतमा उपस्थित हुन नआई म्याद गुजारी बसेको देखिन्छ। निवेदक/प्रतिवादी अमर श्रेष्ठले बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) को कसूर गरेकोले ऐ.ऐनको दफा १५(१)

बमोजिम रू. ९,५०,०००।-(नौ लाख पचास हजार) प्रतिवादीवाट जाहेरवालालाई भराई प्रतिवादीलाई विगो बमोजिम जरिवाना र ९(नौ) दिन कैद सजाय हुनुका साथै, रु. ३८,०००/- (अठ्तीस हजार रुपैयाँ) क्षतिपूर्ति शुल्क प्रतिवादीले व्यहोर्नुपर्ने ठहर गर्ने गरी मिति २०७९।०९।२९ गते यस अदालतवाट मुद्दा फैसला भएको छ। विपक्षी रीट निवेदकले दावी लिएजस्तो बेरितपुर्ण म्याद तामेल भई निजलाई सुनुवाईको मौकाबाट बन्चित गर्ने कार्य नभएको हुँदा यस अदालतको हकमा विपक्षीको रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत ब्यहोराको उच्च अदालत पाटनको तर्फबाट यस अदालतमा परेको लिखितजवाफ।

४. प्रस्तुत विषयमा जिल्ला ललितपुर, महालक्ष्मी नगरपालिका वडा नं.३ ईमाडोल बस्ने राजेन्द्र कुमार के.सी. को जाहेरीले वादी नेपाल सरकार प्रतिवादी अमर श्रेष्ठ भएको मुद्दा नं.०७८-CB-०७२३ को बैंकिङ्ग कसूर मुद्दामा उच्च अदालत पाटनको मिति २०७९।०९।२९ गतेको फैसला अनुसार निज प्रतिवादी अमर श्रेष्ठलाई बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) को कसूरमा सोही ऐनको दफा १५(१) बमोजिम ०।०।९ (नौ दिन) कैद र जरिवाना रु. ९,५०,०००।– (नौ लाख पचास हजार रुपैया) तथा निज प्रतिवादीबाट क्षतिपुर्ति शुल्क वापत रु. ३८,०००।- (अठतीस हजार रुपैयाँ) पीडित राहत कोषमा जम्मा गर्ने समेत ठहरेकोमा निज प्रतिवादी अमर श्रेष्ठलाई मिति २०७९।११।१२ मा पक्राउ गरी यस अदालतमा उपस्थित गरेकोले निज प्रतिवादीलाई ठहेरको कैद ०।०।९ (नौ दिन) बापत मिति २०७९।११।२० सम्म नियमानुसार सिधा खान दिई थुनामा राखी उल्लेखित जरिबाना रु. ९,५०,०००।- (नौ लाख पचास हजार रुपैया) दाखिला गरे अन्य मुद्दा वा कारणबाट थुनामा राख्नु नपर्ने भए प्रस्तुत मुद्दाको हकमा मिति २०७९।११।२१ गते थुनावाट मुक्त गरी दिनु, उल्लेखित जरिवाना दाखिला नगरे निजलाई ठहरेको जरिवाना बापतमा मिति २०७९।११।२१ गते देखि मिति २०८८/०९/०७ गते सम्म नियमानुसार सिधा खान दिई थुनामा राखू भनी कानुनसम्मत रुपमा कैदी पूर्जी दिई फैसलाले लागेको कैद वापत निवेदकलाई कैदमा राखिएको कार्यबाट निवेदकको हक अधिकारमा आघात पुग्ने अवस्था नभएकोले यस अदालतको नाममा निवेदकको माग दावी बमोजिम बन्दीप्रत्यक्षीकरणको

आदेश जारी हुनुपर्ने होइन। निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको काठमाडौं जिल्ला अदालतको तर्फबाट पेश हुन आएको लिखितजवाफ।

५. मैले विपक्षी निवेदक उपर जाहेरी दिए पश्चात जानकारी गराउँदा निज विपक्षीले मलाई निजबाट लिनुपर्ने रकम मिति २०७८।०५।१४ मा दिए पश्चात बुझी लिई पाएँ। तत् पश्चात उक्त मुद्दाका बारेमा मलाई कार्यालयले कुनै जानकारी नदिएकोले मैले उक्त मुद्दाका सम्बन्धमा आफैंलाई जानकारी नभएकोले सो सम्बन्धमा मलाई केही थाहा नहुँदा दुःख दिने नियतबाट प्रस्तुत रिट निवेदन आएकोले खारेज गरी पाउँ भन्ने समेत बेहोराको राजेन्द्रकुमार के.सी. को तर्फबाट यस अदालतमा परेको लिखित जवाफ।

६. प्रतिवादीको मोवाइल नं.समेत उल्लेख गरी जाहेरी दरखास्त दिएको र प्रतिवादीले **NIC ASIA** बैङ्कमा खाता खोल्दा भरेको फारमबाट निजको वतन साविक नुवाकोट जिल्ला चाउथा गा.वि.स.वडा नं.९ हालको वतन जिल्ला काठमाण्डौ न.पा. वडा नं.१७,उल्लेख गरी निज बस्ने घरमा सजिलै पुग्न सकिने गरी मार्गचित्र पनि देखाईएको छ। मार्गचित्रमा **K.M.C.** टोल, **Khosibu Marga, Khosibu Link Road, White Field Collage** नजिकै निज बस्ने घर रहेको देखिएकोछ। स्पष्ट रुपमा वास्तविक ठेगाना देखिएको अवस्थामा गलत ठेगानामा म्याद जारी भएकोमा प्रतिवादी उक्त स्थानमा नभेटिएपछि तामेल गर्न खटिएको कर्मचारीले मोवाइलमा फोन गरी सम्पर्क गर्नु पर्नेमा सो केही नगरी गलत ठेगानामा वेरीतपूर्वक म्याद तामेल गरी निवेदक प्रतिवादीलाई सोही म्याद तामेलीको आधार बनाई निजका हकमा उच्च अदालत पाटनबाट रु. ९,५०,०००।- जरिवाना र ९ दिन कैद सजाय हुनेगरी मिति २०७९।०९।२९ मा भएको फैसला र फैसलाबाट सिर्जित कैद जरिवानाको दायित्व ठेकेको कैदीपूर्जि समेत रित पूर्वकको भनी मान्न मिल्ने नदेखिंदा उत्प्रेषणको आदेशले बदर हुने र यी निवेदक हाल कारागार कार्यालय जगन्नाथदेवल काठमाडौंमा थुनामा रहेको देखिंदा निजलाई उक्त कारागारबाट उच्च अदालत पाटन, वाणिज्य इजलासमा उपस्थित गराई निजको नाउँमा म्याद बुझाई निजको बयान लिने थुनछेकको आदेश गर्ने लगायतका कानून बमोजिमको कारबाही अगाडि बढाउनु भनी विपक्षीहरुको नाममा परमादेशको आदेशसमेत जारी गरिदिएको छ। परमादेश जारी गर्ने गरेको मेरो रायसँग सहकर्मी माननीय न्यायाधीशको राय नमिली छुट्टै

राय रहेकोले प्रस्तुत मुद्दा निर्णयार्थ सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२)(क) बमोजिम पूर्ण इजलाससमक्ष नियमानुसार पेस गर्नू भन्ने समेत बेहोराको सम्माननीय का.मु. प्रधान न्यायाधीश श्री हरिकृष्ण कार्कीको राय।

७. प्रस्तुत विवादमा प्रतिवादीको स्थायी तथा अस्थायी वतनमा समेत म्याद तामेल गरेको, उक्त दुवै स्थानमा म्याद बेपत्ते तामेल भएकोले उक्त म्याद बदर गरी बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा २३ बमोजिम राष्ट्रिय स्तरको दैनिक पत्रिकामा समेत मिति २०७९।०२।१६ र मिति २०७९।०४।०२ मा गरी २ (दुई) पटक सूचना प्रकाशित भएको देखिन्छ। यस अवस्थामा समेत उक्त म्याद तामेलीलाई बेरितको मान्ने हो भने कहिले पनि मुद्दा अन्तिम हुने देखिदैंन। प्रस्तुत मुद्दामा निवेदकलाई पटक पटक उचित सुनवाईको मौका दिंदा समेत निज उपस्थित हुन नसकेको अवस्थामा साधिकार निकायबाट कानून बमोजिम फैसला भई लागेको दण्ड जरिवाना वापत निवेदकलाई थुनामा राखेको देखिएकोले निवेदकको मागदावी बमोजिमको आदेश जारी गर्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। मेरो रायसँग सम्माननीय का.मु.प्रधान न्यायाधीशको एकमत राय हुन नसकेकोले प्रस्तुत निवेदन सुनुवाइको लागि सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२)(क) बमोजिम पूर्ण इजलाससमक्ष नियमानुसार पेस गर्नू भन्ने बेहोराको माननीय न्यायाधीश श्री प्रकाशकुमार ढुंगानाको फरक राय।

## आदेश खण्ड

८. नियमानुसार दैनिक मुद्दा पेशी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत निवेदनमा मिसिल संलग्न कागजात अध्ययन गरियो।

९. निवेदकको तर्फबाट उपस्थित विद्वान बरिष्ठ अधिवक्ता श्री रामबन्धु शर्मा तथा बिद्वान अधिवक्ताहरु श्री भोजराज शर्मा र श्री रमेशकुमार के.सी.ले निवेदक उपर श्री उच्च अदालत पाटनमा दायर हुन आएको ०७८-CB-०७२३ को बैंकिंग कसुर मुद्दामा यी निवेदक प्रतिवादीको नाममा समाह्वान म्याद तामेल हुँदा निजको स्थायी र अस्थायी वतन समेतमा बेपत्ते म्याद तामेल गरी मुद्दाको प्रतिरक्षा गर्ने अवसरबाट बञ्चित गरेकाले उक्त म्याद तामेलीको आधारमा भएको उच्च अदालत पाटनको फैसला त्रुटिपूर्ण रहेको हुँदा

उक्त म्याद र फैसला उत्प्रेषणको आदेशले बदर गरी बन्दीप्रत्यक्षीकरण समेतको आदेश जारी हुनु पर्दछ भनी बहस प्रस्तुत गर्नु भयो।

१०. विपक्षी कार्यालयहरुको तर्फबाट उपस्थित विद्वान उपन्यायाधिवक्ता श्री बिनोदलाल श्रेष्ठले निवेदक उपर बैंकिंग कसूरको मुद्दाको कारबाहीको क्रममा प्रस्तुत मुद्दा बैंकिंग कसूर तथा सजाय ऐन,२०६४ अन्तरगतको भएकोले सोही ऐन बमोजिम पत्रिकामा सूचनासमेत प्रकाशन गर्दा रीतपूर्वक म्याद तामेल भएको छ। म्यादभित्र निज अनुपस्थित रहेकोले उच्च अदालत पाटनबाट भएको फैसला बमोजिम निजलाई लागेको कैद सजाय बापतमा अधिकार प्राप्त निकायबाट पक्राउ गरी कारागारमा राखिएको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुनु पर्दछ भनी बहस गर्नुभयो।

११. यसमा, म निवेदक उपर बैंकिंग कसुरमा कारबाही गरी पाउँ भनी जाहेरी परी मलाई फरार सूचिमा राखी अभियोगपत्र दायर भएकोमा सो अदालतबाट मलाई अभियोग दावी बमोजिम बैंकिंग कसुर तथा सजाय ऐन,२०६४ को दफा ३(ग) को कसूरमा ऐ. दफा १५(१) बमोजिम चेकमा उल्लेखित विगो रु. ९,५०,०००।- (नौ लाख पचास हजार रुपैयाँ) म प्रतिवादीबाट जाहेरवालालाई भराई विगो बमोजिम जरिवाना र ९ दिन कैद सजाय भई मिति २०७९।०९।२९ मा उच्च अदालत पाटनबाट फैसला भएको रहेछ। उक्त मुद्दामा म निवेदकको नाममा समाह्वान म्याद तामेल हुँदा मेरो स्थायी र अस्थायी वतन समेतमा बेपत्ते तामेल गरी मलाई मुद्दाको प्रतिरक्षा गर्ने अवसरबाट बञ्चित गरेकोले उक्त म्याद तामेलीको आधारमा भएको फैसला र सो फैसला बमोजिम ठेकिएको कैदीपूर्जी समेतका काम कारबाही गैरकानूनी रहेकोले उत्प्रेषणको आदेशले बदर गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गरी कानूनबमोजिम म्याद दिई मुद्दामा सामेल गराउनु भन्ने परमादेश लगायतको उपयुक्त आदेश जारी गरी पाउँ भनी यस अदालतमा प्रस्तुत निवेदन दायर भएकोमा यस अदालतको संयुक्त इजलासमा माननीय न्यायाधीशहरु बीच निवेदक प्रतिवादीको नाममा रितपूर्वक म्याद तामेल भए नभएको भन्ने विषयमा मतैक्य हुन नसकी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२)(क) बमोजिम यस इजलास समक्ष पेश हुन आएको देखियो।

१२. संयुक्त इजलासको फैसला हेर्दा, प्रतिवादीले NIC ASIA बैङ्कमा खाता खोल्दा भरेको फारमबाट निजको वतन साविक नुवाकोट जिल्ला चाउथे गा.वि.स.वडा नं.९ हालको वतन जिल्ला काठमाण्डौ न.पा. वडा नं.१७, उल्लेख गरी निज बस्ने घरमा सजिलै पुग्न सकिने गरी मार्गचित्र पनि देखाईएको हुँदा गलत ठेगानामा वेरीतपूर्वक म्याद तामेल गरी निवेदक प्रतिवादीलाई सोही म्याद तामेलीको आधारमा कसूर ठहर गरी सजाय गरेको फैसला र उक्त फैसलाबमोजिमको कैदी पूर्जीसमेत उत्प्रेषणको आदेशले वदर गरी निवेदक थुनामा रहेको कारागार कार्यालयमा म्याद जारी गरी वयान लिनेसमेतका कानून बमोजिमको कारवाही अगाडी बढाउनु। प्रतिवादीलाई कानून बमोजिम अख्तियार प्राप्त अधिकारीद्वारा दायर भएको बैंकिंग कसूर मुद्दाको अभियोगपत्र कायम रही मुद्दाको कारवाही बाँकी नै रहेको देखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गरिहाल्नु पर्ने अवस्था विद्यमान देखिएन भन्ने समेत बेहोराको **सम्माननीय का.मु. प्रधान न्यायाधीश श्री हरिकृष्ण कार्की**को राय रेहेको देखिन्छ भने प्रतिवादीको वतनमा जारी भएको म्याद वेपत्ते तामेल भएपछि कानून बमोजिम निजको म्याद राष्ट्रिय स्तरको पत्रिकामा २ पटक प्रकाशित भई रितपूर्वक तामेल भएको म्यादमा हाजिर नभै सुरुदेखि फरार भै न्यायिक काम कारवाहीमा अदालतलाई सहयोग नगरेको देखिन्छ। यसरी निवेदकलाई पटक पटक उचित सुनवाईको मौका दिँदा समेत निज उपस्थित हुन नसकेको अवस्थामा साधिकार निकायबाट कानून बमोजिम फैसला भई लागेको दण्ड जरिवाना वापत निवेदकलाई थुनामा राखेको देखिएकोले निवेदकको मागदावी बमोजिमको आदेश जारी गर्न नमिल्ने हुँदा रिट निवेदन खारेज हुने ठहर्छ भन्ने समेत बेहोराको **माननीय न्यायाधीश श्री प्रकाश कुमार ढुंगाना**को राय रहेको देखिन्छ।

१३. उल्लिखित तथ्य भएको प्रस्तुत मुद्दामा निवेदक तथा विपक्षी दुवै तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरुले गर्नुभएको तर्कपूर्ण बहस जिकिर समेत सुनी निवेदक प्रतिवादीका नाममा रितपूर्वक म्याद तामेल भएको हो वा होईन? र निवेदन माग बमोजिमको कुनै आदेश जारी हुनुपर्ने हो होईन? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

१४. निर्णयतर्फ विचार गर्दा, यी निवेदकका विरुद्ध उच्च अदालत पाटनमा दायर रहेको बैंकिङ्ग कसुर मुद्दामा निवेदकका नाममा रितपूर्वक म्याद तामेल भए नभएको के हो भन्ने मुख्य

रुपमा हेर्नुपर्ने देखिन आयो। यस सम्बन्धमा भएको कानूनी व्यवस्था तर्फ हेर्दा, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६१ को उपदफा (२) मा "यस संहिता बमोजिम जुन व्यक्तिको नाममा म्याद जारी भएको हो यथासम्भव सोही व्यक्तिलाई बुझाउनु पर्नेछ", ऐ.को उपदफा (३) मा "उपदफा (२) बमोजिम समाह्वान बुझाउन जाँदा सम्बन्धित व्यक्ति फेला नपरेमा वा फेला परे पनि निजले बुझी नलिएमा निजको एकाघरको कम्तीमा अठार वर्ष उमेर पुगिसकेको कुनै व्यक्तिलाई बुझाउन सकिनेछ", ऐ. को उपदफा (४) मा "उपदफा (३) बमोजिम सम्बन्धित व्यक्ति वा एकाघरको व्यक्ति फेला नपरेमा वा फेला परे पनि निजले बुझी नलिएमा स्थानिय तहको सम्बन्धित वडाको सदस्य एक जना र कम्तीमा दुई जना स्थानिय व्यक्ति समेत राखी आफ्नो तथा निजहरुको समेत सहीछाप गराई एक प्रति निजको घर दैलामा टाँसी एक प्रति म्याद सम्बन्धित स्थानिय तहको सम्बन्धित वडा कार्यालयमा बुझाई एक प्रति तामेली समाह्वान अदालतमा दाखिल गर्नु पर्नेछ" भन्ने कानूनी व्यवस्था रहेको पाइयो। यसैगरी, प्रस्तुत मुद्दा बैंकिंग कसूर तथा सजाय ऐन, २०६४ अन्तरगत चलेको देखिंदा प्रस्तुत ऐनमा समेत प्रतिवादीको नाममा जारी गर्ने समाह्वान म्याद, सूचनाका सम्बन्धमा स्पष्ट व्यवस्था गरेको पाइन्छ। उक्त ऐनको दफा २३ मा "यस ऐन वा अन्य प्रचलित कानून बमोजिम कुनै व्यक्तिको नाममा सूचना पठाउँदा वा म्याद तामेल गर्दा त्यस्तो व्यक्तिको ठेगाना पत्ता नलागी वा अन्य कुनै कारणले त्यस्तो सूचना बुझाउन नसकिएको वा म्याद तामेल हुन नसकेको कुराको प्रतिवेदन पर्न आएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो व्यक्तिलाई ३० दिनसम्मको म्याद दिई अनुसन्धान भएको वा मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर भइसकेको भए सो विषयको संक्षिप्त विवरण उल्लेख गरी उपस्थित हुन राष्ट्रियस्तरको समाचारपत्रमा (विदेशीको हकमा अंग्रेजी दैनिकमा) कम्तीमा दुईपटक सार्वजनिक सूचना प्रकाशन गरिनेछ र त्यसरी सूचना प्रकाशन भएकोमा यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो व्यक्तिलाई रीतपूर्वक सूचना दिएको वा म्याद तामेल भएको मानिनेछ।" भन्ने व्यवस्था रहेको देखिन्छ।

१५. उल्लिखित कानूनी व्यवस्था अनुसार अदालतले म्याद सूचना जारी गर्दा सकभर म्यादवाला व्यक्तिलाई बुझाउनु पर्ने, त्यस्तो व्यक्ति फेला नपरे वा निजले बुझी नलिएमा

निजको एकाघरको उमेर पुगेको व्यक्तिलाई बुझाउन सकिने र म्यादवाला व्यक्ति वा निजको एकाघरका व्यक्तिहरु पनि फेला नपरे वा बुझिलिन नमानेमा म्यादवाला व्यक्तिको घरदैलोमा टाँस गर्न सकिने तर त्यस्तो व्यक्तिको ठेगाना पत्ता लगाउन नसकिएमा कुनै राष्ट्रिय स्तरको समाचारपत्रमा कम्तीमा दुई पटक सूचना प्रकाशन गरी म्याद तामेल गर्न सकिने र त्यसरी गरिएको तामेली रितपूर्वक भएको मानिने देखिन्छ।

१६. अब प्रस्तुत निवेदनका सम्बन्धमा उल्लिखित प्रकृया पूरा भए नभएको के रहेछ भनी हेर्दा, मिसिल संलग्न निवेदकको नागरिकताको प्रमाणपत्रबाट निवेदकको स्थायी वतन नुवाकोट जिल्ला चाउथे गा.वि.स. वडा नं. ९ को परिवर्तित ककनी गा.पा.वडा नं. ५ भन्ने देखिन्छ। तथापि, निवेदकले आफू परिवार सहित बसाई सराई गरी काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. १७ मा बसोबास गर्दै आएको भनी निवेदनमा उल्लेख गरेकोमा सो बेहोरा मिति ०६७।०१।०७ को चाउथे गा.वि.स. बाट र काठमाडौं महानगरपालिकाबाट मिति २०६८।०३।२० मा निवेदकका नाउँमा जारी भएको बसाई सराईको प्रमाणपत्रबाट स्पष्ट देखिन्छ। साथै, निवेदकले पेश गरेको काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १७ बाट जारी भएको विवाह दर्ता प्रमाण पत्र एवम् जन्म दर्ता प्रमाणपत्र समेतका कागजातबाट पनि यी निवेदक प्रस्तुत मुद्दाको जाहेरी पर्नु भन्दा धेरै अघि २०६७ सालमा नै साविक बसोबासको वतनबाट काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १७ मा बसाई सरी आएको तथ्य पुनर्पुष्टि भईरहेको छ। मुख्य कुरा उल्लिखित कागजातहरु यी निवेदकका विरुद्ध चलेका बैंकिंग कसूर मुद्दामा जाहेरी दरखास्त पर्नु भन्दा अगाडिको मितिमा नै जारी भएको देखिंदा उक्त मुद्दाको फैसलाबाट सृजित फौजदारी दायित्वलाई छल्ने नियतले पछिबाट खडा गरिएका भन्ने देखिन आउँदैन। प्रमाण ऐन, २०३१ को दफा १९ मा कुनै निस्सा वा प्रमाणपत्र दिने कानूनी कर्तव्य भएका व्यक्तिले प्रचलित नेपाल कानून बमोजिम दिएको निस्सा वा प्रमाणलाई प्रमाणमा लिन मिल्छ भन्ने कानूनी व्यवस्था देखिन्छ। उल्लिखित कानूनी व्यवस्थाको आलोकमा निवेदकले पेश गरेको माथि उल्लिखित कागजातहरुलाई हेर्दा त्यस्तो निस्सा प्रमाणपत्र जारी गर्ने अख्तियारी भएका अधिकारीले यी निवेदकका

विरुद्ध बैंकिंग कसूर मुद्दा दायर हुन भन्दा धेरै अघि जारी गरेका उल्लिखित निस्सा प्रमाणको प्रमाणग्राह्यतालाई अन्यथा भन्न मिल्ने देखिएन।

१७. यसैगरी, निवेदकका विरुद्ध उच्च अदालतमा दायर भै फैसला भएको ०७८-CB- ०७२३ को बैंकिङ्ग कसूर मुद्दामा प्रत्यर्थी जाहेरवाला राजेन्द्र कुमार के.सीले जाहेरी दरखास्त दिंदा यी निवेदक अमर श्रेष्ठको वतन नुवाकोट जिल्ला चौथे गा.वि.स. घर भई हाल काठमाडौं सोह्रखुट्टे भनी उल्लेख गरेकोमा सोह्रखुट्टे के कुन वडा हो मिसिल प्रमाणबाट एकिन नगरी हचुवाका भरमा अभियोगपत्रमा काठमाडौं महानगरपालिका वडा नं १६ सोह्रखुट्टेको वतन लेखेको र सोही वतनमा यी निवेदकका नाउँमा म्याद जारी भएको देखिन्छ। स्वयम् अनुसन्धान अधिकारी समक्ष रहेको यी प्रतिवादीले **NIC ASIA** बैंक खाता खोल्दा भरेको फारमको प्रतिलिपि हेर्दा निजको बसोबासको ठेगाना काठमाडौं महानगरपालिका वडा नं.१७ खुशिवु मार्ग सोह्रखुट्टे भन्ने स्पष्ट उल्लेख गरी नजिकैको सडक चोकबाट निजको घरसम्म पुग्ने मार्ग चित्र (**sketch**) समेत बनाएको देखिन्छ। सो स्थानमा निजले घर बनाई बसोबास गरेको भन्ने संलग्न नक्सा र वडा कार्यालयको सिफारिसबाट पनि देखिन्छ। सो समेतका प्रमाणबाट यी निवेदकको बसोबासको वतन काठमाडौं महानगरपालिका वडा नं.१७ रहेछ भन्नेमा द्विविधा देखिंदैन। यस स्थितिमा मुद्दाको अनुसन्धानको क्रममा नै प्रतिवादीको वतन खुल्ने प्रमाण कागज भएकोमा अभियोजन पक्षले सो तर्फ वेवास्ता गरी वतन एकिन गर्ने विषयमा जिम्मेवार नबनी अभियोग पत्रमा नै काठमाडौं महानगरपालिका वडा नं.१६ सोह्रखुट्टे भनी उल्लेख गरेबाट उच्च अदालत पाटनबाट भएको उक्त मुद्दाको कारवाई प्रकृयामा निजको नाउँको म्याद सोही वतन अर्थात काठमाडौं महानगरपालिका वडा नं. १६ मा जारी भएको देखिन आउँछ।

१८. मुद्दामा फरार प्रतिवादीको नाउँमा म्याद सूचना जारी गर्नुको मुख्य उद्धेश्य नै निजले आफू विरुद्धको कारवाहीको जानकारी प्राप्त गरी सो विषयमा अदालतमा उपस्थित भै आफ्नो जे भएको प्रमाण पेश गरी मुद्दाको सुनुवाई गर्न सकोस भन्ने हो। मुद्दामा म्याद सूचना तामेलीको विषयलाई केवल औपचारिकता पूरा गर्ने कार्यविधिका रुपमा हेरिनु हुँदैन। यसै कारण कानूनमा नै म्याद तामेली प्रकृया प्रतिवादीले यथार्थमा सूचना वा जानकारी नपाएसम्म विभिन्न चरणमा पटक पटक सूचना पठाई सो को जानकारी पाएको सुनिश्चित

गराउन खोजेको देखिन्छ। सो कानूनी व्यवस्थाको सार प्रतिवादी रहे बसेको वा निजले थाहा जानकारी पाउन सक्ने वतनमा म्याद जारी हुन सकोस भन्ने नै हो। यसका लागि म्याद तामेली सम्बन्धमा कानूनले तोकेको प्रकृया पूरा गर्नु अनिवार्य मानिन्छ। कानूनले तोकेको प्रकृयां अवलम्वन नगरी प्रभावित पक्षलाई रितपूर्वकको म्याद सूचना नै जारी नगरी मुद्दाको किनारा गरिएमा अर्का पक्षको सुनुवाई गरेर मात्र मुद्दाको फैसला गरिनुपर्छ अर्थात **hear the other side** (*Audi Alteram Paterm*) भन्ने प्राकृतिक न्यायको आधारभूत सिद्धान्त र बैंकिंग कसूर सम्बन्धी मुद्दामा म्याद तामेली सम्बन्धी प्रचलित कानूनको समेत गम्भीर उल्लंघन हुन जान्छ। मिसिल प्रमाणबाट देखिएको प्रतिवादीको स्थायी वा हाल बसोवासको जे जुन वतन छ सो वतनमा कानूनको रितपुऱ्याई म्याद तामेल नगरिएसम्म प्रतिवादीको नाउँमा म्याद रित पूर्वक तामेल भएको भनी मात्र मिल्दैन।

१९. मिसिल प्रमाणबाट यी निवेदक काठमाडौं महानगरपालिका वडा नं. १७ मा बस्ने भन्ने निर्विवाद र निश्चयात्मक रुपमा स्थापित भएकोमा प्रतिवादीको स्थायी वतनमा बेपत्ते तामेली भएको भनी र अस्थायी वा हाल बसोवासको वतनमा वडा नम्वर नै फरक पारी बेपत्ते तामेल गरेको देखियो। यस बाहेक बैंकिंग कसूर तथा सजाय ऐन, २०६४ को दफा २३ को प्रयोजनका लागि राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशित गर्दा समेत यी निवेदकको बसोबासको वतनमा मिसिलबाट स्पष्ट देखिने काठमाडौं महानगरपालिका वडा नं.१७ उल्लेख नगरी गलत वतन काठमाडौं महानगरपालिका वडा नं. १६ उल्लेख गरी सूचना प्रकाशित गरेको देखियो। गलत वतन उल्लेख गरी सूचना प्रकाशित गरिएमा पत्रिकामा दुई पटक सूचना प्रकाशित भएको भन्ने मात्र आधारमा प्रतिवादीले म्याद सूचना पाएको वा त्यस्तो तामेली रितपूर्वक भएको भनी मात्र मिल्दैन। बैंकिंग कसूर तथा सजाय ऐन,२०६४ को दफा २३ बमोजिम म्याद सूचना रितपूर्वक तामेल भएको मानिनका लागि प्रतिवादीको सही वतन उल्लेख गरी सूचना प्रकाशित भएको हुनु अनिवार्य हुन्छ।

२०. यस आधारबाट हेर्दा यी निवेदकका विरुद्ध उच्च अदालत पाटनमा दायर ०७८-CB-०७२३ को बैंकिङ कसूर मुद्दामा मिसिलबाट देखिएको यी निवेदकको वतनमा समाह्वान म्याद जारी नगरी गलत वतन उल्लेख गरी जारी गरेको देखिएबाट यी निवेदकले आफू उपर परेको मुद्दाको सम्बन्धमा प्रतिरक्षाको सूचना पाएको भनी एकिन हुन सक्ने अवस्था

देखिएन। निवेदकको सही वतनमा म्याद जारी नगरी गलत वतन उल्लेख गरी जारी भएको एवम् पत्रिकामा प्रकाशित सूचनामा समेत गलत वतन उल्लेख भएको स्थितिमा कानून बमोजिम जारी भै रितपूर्वक तामेली भएको म्याद सूचना भनी मान्न मिलेन। त्यस्तो बेरितको म्याद तामेलीका आधारमा भएको मुद्दाको काम कारवाही तथा फैसला र सो फैसला बमोजिम जारी कैदी पूर्जी समेत उल्लिखित कानूनी व्यवस्था र प्राकृतिक न्यायको सिद्धान्त समेत विपरित हुँदा उत्प्रेषणको आदेशद्वारा बदर हुनुपर्ने देखिन आयो।

२१. यस स्थितिमा निवेदकको निवेदन माग बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने हो वा होईन? भन्ने सम्बन्धमा विचार गर्दा, निवेदकको नाउँमा वेरितपूर्वक म्याद तामेल भै फैसला भएको देखिएतापनि यी निवेदक उच्च अदालत पाटनबाट भएको फैसला कार्यान्वयनको सिलसिलामा पक्राउ परी थुनामा रहेको र निजका नाममा म्याद जारी गरी कानून बमोजिम मुद्दाको काम कारवाही अघि बढाउनु पर्ने अवस्था समेत देखिंदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निवेदकलाई थुनामुक्त गरिहाल्नु पर्ने अवस्था देखिएन। तर यी निवेदकको नाउँमा म्याद तामेली नै रितपूर्वक नभएको र त्यस्तो वेरितको तामेलीका आधारमा मुद्दाको कारवाई अगाडि बढाई उच्च अदालत पाटनबाट यी निवेदकलाई कैद र जरिवाना समेत हुने गरी फैसला भएकाले उक्त म्याद तामेली एवम् सोका आधारमा गरिएको मुद्दाको फैसला र कैदीपूर्जिसमेत उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। अब यी निवेदक कारागार कार्यालय जगन्नाथदेवल काठमाडौंमा थुनामा रहेको देखिंदा निजलाई उक्त कारागारबाट उच्च अदालत पाटन, वाणिज्य इजलासमा उपस्थित गराई निजको नाउँमा म्याद बुझाई निजको बयान लिने, थुनछेकको आदेश गर्ने लगायतका कानून बमोजिमको कारबाही अगाडि बढाउनु भनी विपक्षीहरुको नाममा परमादेशसमेत जारी हुने ठहर्छ।

२२. साथै, बैंकिंग कसूर मुद्दामा प्रायः सबै मिसिलसाथ प्रतिवादीले बैङ्कमा खाता खोल्दा भरेको फारमको प्रतिलिपि संलग्न हुने र सो फारममा प्रतिवादीको बसोवासको घर ठेगानासमेत पत्ता लाग्ने गरी बाटोको नक्सा (sketch) समेत बनाएको देखिंदा अब आयन्दा बैंकिंग कसूर मुद्दामा सरकारी वकिलले अभियोग पत्रमा प्रतिवादीको वतन उल्लेख गर्दा र म्याद जारी गर्ने अधिकारीले प्रतिवादीको नाउँमा म्याद सूचना जारी गर्दा वा तामेल गर्दा समेत

उक्त sketch मा उल्लेख गरेको विवरण समेतका आधारमा प्रतिवादीको वतन एकिन गरेर मात्र सरकारी वकिलले अभियोगपत्रमा र म्याद सूचना जारी गर्ने अदालतका अधिकारीले म्याद सूचनामा प्रतिवादीको वतन उल्लेख गर्ने एवम् उक्त sketch को एक प्रति म्याद तामेल गर्न जाने तामेलदारलाई समेत दिई बैंकिंग कसूर मुद्दामा तामेली म्याद बदर हुने सम्बन्धी बढ्दो समस्यालाई न्यूनिकरण गरी म्याद तामेली प्रकृयालाई प्रभावकारी बनाउन आवश्यक पहल गर्नु भनी सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयलाई लेखी पठाउन महान्यायाधिवक्ताको कार्यालयलाई र जिल्ला अदालतहरुमा लेखी पठाउन यस अदालतको प्रशासन महाशाखालाई यो आदेशको प्रतिलिपि समेत साथै राखी पठाउनू।

२३. दायरीको लगत कट्टा गरी आदेश विद्युतीय प्रणालीमा प्रविष्ट गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

(नहकुल सुवेदी)
न्यायाधीश

उक्त रायमा हामी सहमत छौं।

(मनोजकुमार शर्मा)
न्यायाधीश

(कुमार रेग्मी)
न्यायाधीश

इजलास अधिकृत : चिन्तामणी शर्मा

शाखा अधिकृत: सदिक्षा नेपाल

इति सम्वत् २०८० साल जेष्ठ १८ गते रोज ५ शुभम्..................।